## कार्य योजना

उल्लिखित अवधारणा, नीतिगत मार्गदर्शन तथा न्यायपालिकाको कार्यबोझ र कार्यवातावरणसहितको वस्तुस्थिति विश्लेषणसमेतका आधारमा न्यायपालिकाको सुधारसम्बन्धी प्रस्तुत कार्ययोजना तयार गरिएको म गरिमामय समिति समक्ष अनुरोध गर्न चाहन्छु। न्यायपालिकाको रणनीतिक योजनाको तर्जुमा र कार्यान्वयनमा रहेको भूमिका र मैले हासिल गरेका अनुभव समेतका आधारमा प्रस्तुत कार्ययोजना तयार भएको छ। न्यायपालिकाको सुधारसम्बन्धी विगतका प्रयासहरूको आलोकमा सूचना प्रविधिको उच्चतम् उपयोग गर्दै न्यायिक सुशासनको माध्यमबाट न्यायपालिकाप्रतिको आस्था र विश्वास अभिवृद्धि गर्नु नै न्यायिक सुधारको केन्दविन्दु हुनुपर्छ भन्ने मेरो दृष्टिकोण रहेको छ। यसका लागि आवश्यक नीतिगत तथा संरचनात्मक आधारहरू तयार गरी न्यायपालिकाको संस्थागत सुधारको भावी कार्यदिशाको निर्धारण गर्नु मेरो कार्य योजनाको मूल ध्येय रहेको पनि उल्लेख गर्न चाहन्छु।

प्रस्तुत कार्ययोजनामा समेटिएका सम्पूर्ण कार्यक्रमहरू अवस्य पनि नयाँ होइनन्, कतिपय कार्यक्रमहरू यसअघि नै सुरु गरिएका वा सोच राखिएका र कतिपय कार्यक्रमहरू मेरो सोच, दृष्टिकोण र अनुभवका आधारमा न्यायपालिकाका विद्यमान समस्या, चुनौती र अपेक्षाहरूलाई सम्बोधन गर्ने प्रयासको रूपमा रहेका छन्। प्रस्तुत कार्ययोजनाको कार्यान्वयनमा मेरो भूमिका र जिम्मेवारी बढी रहने भए तापनि यसलाई मैले सहकार्य, समन्वय र सहकारितामा आधारित दस्तावेजको रूपमा कार्यान्वयनमा लैजाने सोच बनाएको छु। सामूहिक प्रयास र प्रतिबद्धताबाट मात्रै प्रस्तुत कार्ययोजनाको प्रभावकारी कार्यान्वयन हुन सक्दछ भन्ने कुरामा मेरो दृढ विश्वास रहेको छ। न्यायपालिकाको पाँचौ पञ्चवर्षीय रणनीतिक योजनामा आधारित प्रस्तुत कार्ययोजना मूल योजनाले परिलक्षित गरेका लक्ष्य, उद्देश्य र गन्तव्य हासिल गर्नेतर्फ परिपुरक हुने समेत मैले विश्वास लिएको छु। यही मान्यता र अवधारणाका साथ गरिमामय समितिसमक्ष न्यायिक सुधारका सम्बन्धमा देहायबमोजिमको कार्ययोजना प्रस्तुत गरेको छु :

१. न्यायपालिकाको पाँचौ रणनीतिक योजनाले सर्वोच्च अदालतको मुद्दा फछ्यौंट तथा पूराना वक्यौता मुद्दाहरूको न्यूनीकरण सम्बन्धमा निर्धारण गरेका लक्ष्य हासिल गर्नेगरी मुद्दा व्यवस्थापनका उपयुक्त एवम् प्रभावकारी उपायहरूको अवलम्वन गरिनेछ ।

१.१ सर्वोच्च अदालतमा मुद्दाको कार्यबोझ कम गर्न अदालतहरूको क्षेत्राधिकारसम्बन्धी विद्यमान व्यवस्थामा परिमार्जनका लागि अध्ययन गरी कार्यान्वयन गर्ने।

१.२ संवैधानिक इजलासको कार्यसञ्चालनको प्रभावकारिताका लागि इजलासको सञ्चालन र कारबाही प्रक्रियालगायतका विषयमा अध्ययन गरी कार्यान्वयन गर्ने।

१.३ पुराना बक्यौता मुद्दा लक्ष्य बमोजिम फछ्र्यौट गर्न पेशी लगायत बक्यौता मुद्दाको व्यवस्थापन सम्बन्धी विशेष कार्य योजना निर्माण गरी कार्यान्वयन गर्ने।

१.४ मुद्दाको प्रकृति, विषयवस्तु र मुद्दामा रहेको विवादित बिषयको गाम्भीर्यताको आधारमा बहसको समय निर्धारण लगायत सुनुवाई व्यवस्थापनलाई प्रभावकारी बनाउने उपायहरूको अवलम्बन गर्ने।

१.५ दर्ता, दरपीठलगायत मुद्दाको प्रक्रियागत विषयमा एकरूपता र सहजताको लागि चेकलिष्ट सहितको मापदण्ड निर्माण गरी प्रयोगमा ल्याउने।

२. कार्यबोझ बढी भएका (३७ जिल्ला अदालत र ९ उच्च अदालत तथा इजलास गरी जम्मा ४६) अदालतहरूको व्यवस्थापनलाई विशेष प्राथमिकतामा राखी त्यस्ता अदालतहरूमा बजेट लगायतको साधनस्रोत र जनशक्तिको पर्याप्त व्यवस्था गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याइनेछ।

३. न्याय सम्पादनको काम कारबाहीलाई समयतालिकामा आधारित बनाई छिटोछरितो, प्रभावकारी, पारदर्शी एवम् अनुमानयोग्य बनाउने उद्धेश्यले जिल्ला अदालत र उच्च अदालतहरूमा लागू गरिएको फरक मुद्दा व्यवस्थापन पद्धतिको प्रभावकारिताको लागि विशेष पहल गरिनेछ ।

३.१ फरक मुद्दा व्यवस्थापन पद्धतिको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक बिषयहरूमा अदालत नियमावलीहरू तथा फरक मुद्दा ब्यबस्थापन सम्बन्धी दिग्दर्शन र सोसम्बन्धी सफ्टवेयर परिमार्जन गर्ने।

३.२ फरक मुद्दा ब्यबस्थापन पद्धतिको कार्यान्वयनको लागि अदालतहरूलाई आवश्यक पर्ने कम्प्युटर, प्रिन्टर, स्क्यानर, पावर ब्याकअप ईन्टरनेट ब्याण्डबीथ लगायतका पर्याप्त भौतिक सामग्री र जनशक्ति उपलब्ध गराउने।

३.३ फरक मुद्दा व्यवस्थापन पद्धतिप्रतिको प्रतिबद्धता, स्वामित्वबोध तथा यससम्बन्धी अवधारणागत स्पष्टताका लागि सरोकारवालाहरू समेतको सहभागितामा आवधिक रूपमा कार्यक्रम सञ्चालन गर्ने।

३.४ फरक मुद्दा ब्यबस्थापन पद्धतिको प्रभावकारी कार्यान्वयनको लागि सम्बद्ध जनशक्तिको क्षमता अभिवृद्धि गर्न नियमित रूपमा कार्यस्थलमा नै ब्याबहारिक र कार्यमूलक तालिम सञ्चालन गर्ने।

३.५फरक मुद्दा ब्यवस्थापन पद्धतिको कार्यान्वयनको अवस्था, देखापरेका समस्या र सुधारका उपायहरूको बारेमा नियमित अध्ययन अनुसन्धान गर्ने।

४. गुणस्तरीय न्याय सम्पादनका लागि अदालतहरूमा अनुकूल कार्यवातावरणको निर्माण, न्यायाधीशहरूका बीच विधिशास्त्रीय विकास तथा अनुभवहरूको आदान प्रदान सम्बन्धी अन्तरसम्वाद, प्रशिक्षण लगायतका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

५. फैसलाको लेखन र तयारीमा शीघ्रताका लागि जनशक्तिको व्यवस्थापन र परिचालन लगायतको कार्य वातावरण निर्माण, फैसला लेखनसम्बन्धी तालिम, प्रोत्साहन र उत्प्रेरणासमेतका विशेष रणनीति अख्तियार गरिनेछ।

६. विवादको दिगो समाधान गर्ने महत्त्वपूर्ण माध्यमको रूपमा अवलम्वन हुँदै आएको मेलमिलाप पद्धतिलाई थप प्रभावकारी बनाउने उपायहरूको पहिचान गरी कार्यान्वयन गरिनेछ।

६.१ अदालतहरूमा मेलमिलाप पद्धतिलाई अभियानको रूपमा सञ्चालन गर्न सोसम्बन्धी कार्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने।

६.२ मेलमिलाप पद्धतिलाई प्रोत्साहित गर्न यस पद्धतिको उद्देश्य र फाईदाहरूको बारेमा मुद्दाका पक्षहरूलाई परामर्श (काउन्सिलिङ) दिने।

६.३ मेलमिलापकर्ताको विशेषज्ञता र व्याबसायिक विकाससम्बन्धी नीति बनाई कार्यान्वयन गर्ने।

६.४ मेलमिलापको सफल सङ्ख्याको आधारमा मेलमिलापकर्तालाई वार्षिक रूपमा सम्मान गर्ने।

७. फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउन उपयुक्त कार्यक्रम र विकल्पहरूको पहिचान गरी कार्यान्वयनमा ल्याइनेछ ।

७.१ फैसला कार्यान्वयन सम्बन्धी बक्यौता लगत अद्यावधिक गर्ने र फैसला कार्यान्वयनसम्बन्धी एकीकृत सफ्टवेयरमा प्रविष्ट गर्ने।

७.२ फैसला कार्यान्वयन सम्बन्धी कैद, जरिबाना, सरकारी बिगोको लगत बढी भएका अदालतहरूमा प्रहरी, अदालतका कर्मचारी र आवश्यकता अनुसार स्थानीय निकायका प्रतिनिधिसहितको फैसला कार्यान्वयन टोली बनाई अभियानका साथ कैद, जरिबाना, सरकारी बिगो असूल गर्ने।

८. न्यायको पहुँचमा रहेका अवरोधहरूको पहिचान गरी न्यायमा सहज पहुँच अभिवृद्धि गर्न सोसम्बन्धी विशेष रणनीति तथा कार्यक्रमहरूको निर्माण गरी कार्यान्वयन गरिनेछ।

९. अदालतको कार्य वातावरणलाई सेवाग्राही मैत्री बनाउन, सेवा प्रवाहलाई सहज बनाउन र जानाकारी दिने प्रणालीलाई प्रभावकारी बनाउन आवश्यक व्यवस्था गरिनेछ।

९.१ अदालतको काम कारबाही, उपलब्ध सेवा सुविधाको बारेमा जानाकारी हुनेगरी पुस्तिका प्रकाशन र वितरण गर्ने।

९.२ अदालतका काम कारबाही, मुद्दाको प्रक्रिया तथा सेवाग्राहीहरूलाई आवश्यक पर्ने अन्य सूचनाहरू उपलब्ध गराउन विद्युतीय एप प्रयोगमा ल्याउने।

१०. मुद्दाको कारबाही प्रक्रियामा सूचना प्रविधिको उपयोगमार्फत सेवाप्रवाहलाई सहज, प्रभावकारी र पहुँचयोग्य बनाउन आवश्यक रणनीति तथा कार्यक्रमहरूको निर्माण गरिनेछ।

१०.१ सर्वोच्च अदालतमा प्रारम्भ भएको मुद्दाहरूको अनलाईन दर्तालाई क्रमशः सबै तहका अदालतहरूमा बिस्तार गर्दै जाने।

१०.२ भौगोलिक विकटतालाई प्राथमिकतामा राखी अदालतमा भिडियो कन्फरेन्सिङमार्फत बहस लगायत मुद्दाको कारबाही र सुनुवाइ गर्ने कार्यलाई क्रमशः विस्तार गर्ने।

१०.३ मुद्दाको कारबाहीको अवस्थासम्बन्धी जानकारी एसएमएस तथा मोबाइल एप्समार्फत मुद्दाको पक्षलाई उपलब्ध गराउने कार्यलाई थप प्रभावकारी बनाउने।

११. वैतनिक कानून व्यवसायी तथा स्वेच्छिक निशुल्क कानूनी सेवा (प्रोवोनो) लाई थप प्रभावकारी बनाई लक्षित वर्गलाई गुणस्तरीय सेवा प्रदान गर्न आवश्यक कार्यक्रमहरूको निर्माण र कार्यान्वयन गरिनेछ।

१२. पीडित न्याय प्रणालीको प्रवर्धनका लागि उपयुक्त कार्यक्रमहरूको निर्माण र कार्यान्वयन गरिनेछ।

१२.१ मुद्दाको कारबाहीको क्रममा अपराध पीडितको सुरक्षा, सूचना, गोपनीयता, आत्मसम्मान, निशुल्क कानूनी सहायता सम्बन्धी हकको व्यावहारिक कार्यान्वयनको लागि दिग्दर्शन बनाई लागु गर्ने।

१२.२ पीडितले पाउने अन्तरिम राहत तथा क्षतिपूर्ति रकम भराउने कार्यलाई शीघ्र, सहज र सम्मानजनक बनाउन सोसम्बन्धी प्रक्रियालाई सरलीकृत गर्ने।

१३. न्याय प्रणालीलाई लैङ्गिक मैत्री तथा सामाजिक समावेशी बनाउन उपयुक्त रणनीतिहरू अख्तियार गरी प्रभावकारी कार्यान्वयन गरिनेछ।

१३.१ न्यायपालिकामा लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी रणनीतिको निर्माण गरी लागु गर्ने।

१३.२ अदालतका भौतिक संरचना र कार्यवातावरण लैङ्गिकमैत्री बनाई लैगिक हिंसा वा दुर्व्यवहार हुन नपाउने व्यवस्था गर्ने।

१३.३ न्यायपालिकामा कार्यरत महिला न्यायाधीश तथा महिला कर्मचारीहरूको व्यवसायिक क्षमता तथा नेतृत्व बिकासका लागि कार्यक्रम सञ्चालन गर्ने।

१४. न्यायपालिकाको स्वतन्त्रता, स्वायत्तता तथा न्यायिक सुशासनसम्बन्धी मूल्य मान्यताको प्रवर्धनका लागि अवधारणागत, नीतिगत तथा कार्यान्वयन तहमा गर्नुपर्ने सुधारका क्षेत्रहरूको पहिचान गरी सम्बोधनको पहल गरिनेछ।

१५. न्यायिक सुशासनको प्रवर्धन र सुशासन विपरीतका गतिविधिहरूको नियन्त्रणका लागि सोसम्बन्धी आवश्यक रणनीति र कार्यक्रमको निर्माण गरी प्रभावकारी कार्यान्वयन गरिनेछ।

१५.१ न्यायपरिषद् ऐन २०७३ को दफा १६ बमोजिमको न्यायिक अनुगमन तथा निगरानी तथा न्यायप्रशासन ऐन २०७३ को दफा २४ बमोजिमको जाँचबुझ कार्यलाई नियमित, व्यवस्थित र प्रभावकारी बनाउन सो सम्बन्धी संयन्त्र र आन्तरिक कार्यविधि बनाई कार्यान्वयन गर्ने।

१५.२ अदालतहरूमा हुनसक्ने सुशासन विपरितका गतिविधि नियन्त्रण गर्न सुक्ष्म निगरानी संयन्त्र बनाई प्रभावकारी ढंगबाट परिचालन गर्ने।

१५.३ अदालतमा बिचौलियाहरूको अवाञ्छित गतिबिधिलाई प्रभावकारी रूपमा नियन्त्रण गर्न सो सम्बन्धी छुट्टै कानुन निर्माण गर्न पहल गर्ने।

१५.४ अनलाईनमार्फत अनियमितता र गुनासो उपरको उजुरी सुन्न सकिने प्रणाली बिकास गर्ने ।

१५.५ न्यायपालिकामा न्यायिक सदाचारको प्रवर्धन गर्न सो सम्बन्धी सूचकको निर्माण गरी मूल्याङ्कन गर्ने प्रणाली बिकास गर्ने।

१५.६ न्यायपालिकामा सुशासनको प्रवर्द्धन सम्बन्धी नीतिगत बिषयहरूमा निर्देशन गर्न सुशासन तथा सदाचार प्रवर्धन समितिको स्थापना गर्ने।

१५.६ यस सम्बन्धमा भएका पूर्व अध्ययन प्रतिवेदनका सुझावहरूको प्रभावकारी कार्यान्वयन गर्ने।

१६. न्यायपालिकाप्रतिको आस्था र विश्वास अभिवृद्धिका उपायहरूको पहिचान गरी कार्यान्वयन गरिनेछ।

१६.१ जनआस्था सम्बन्धी सूचकहरूको निर्माण गरी मूल्याङ्कन गर्ने।

१६.२ अदालतमा मुद्दाको सुनुवाइको प्रत्यक्ष प्रसारण (-live streaming) सम्बन्धमा अध्ययन गरी कार्यान्वयन गर्ने।

१६.३ सेवाग्राही र सरोकारवालासँग Real Time सुझाब र पृष्ठपोषण लिई तत्काल सम्बोधन गर्ने।

१६.४ समुदायमा आधारित अन्तरसंवाद (Outreach) कार्यक्रम सञ्चालन गर्ने।

१६.५ न्यायिक सूचनाको सम्प्रेषण तथा अदालत र सञ्चारकर्मी बिच समन्वय गर्न सर्वोच्च अदालतमा सञ्चार इकाई (Communication Unit) गठन गरी परिचालन गर्ने।

१७. न्यायक्षेत्रका सरोकारवालाहरूको आपसी समन्वय, सहयोग र सहकार्य परिणाममुखी बनाउन उपयुक्त कार्यक्रमहरूको सञ्चालन गरिनेछ।

१८. न्यायपालिकामा सूचना प्रविधिको विकास र दिगो व्यवस्थापनका लागि उपयुक्त रणनीति तथा कार्यक्रमहरूको निर्माण गरी कार्यान्वयन गरिनेछ।

१८.१ सूचना प्रविधिमा आधारित अदालतको अवधारणा अनुरूप अदालतहरूमा Courtroom **technology** को प्रयोगका लागि पूर्वाधार बिकास गरी क्रमशः कार्यान्वयन गर्ने।

१८.२ अनलाईन प्रणालीमार्फत मुद्दा दर्ता तथा मिसिल कागजातहरूको विद्युतीय प्रति तयारी गर्ने कार्यलाई प्राथमिकतापूर्बक सञ्चालन गर्ने। सर्वोच्च अदालतमा प्रारम्भ भएको अनलाईन दर्ता अन्य अदालतहरूमा समेत क्रमशः विस्तार गर्ने।

१८.३ मुद्दामा हुने म्याद तामेली लगायतका काम कारबाहीलाई मुद्दा व्यबस्थापन सम्बन्धी एकिकृत सफ्टवेयरमा आबद्ध गरी सफ्टवेयरमार्फत निगरानी र अनुगमन गर्ने।

१८.४ बायोमेट्रिक पद्धति बिकास गरी अदालतहरूमा मुद्दाका पक्षहरूको उपस्थिति अनलाईनमार्फत हुने व्यवस्थाका लागि पहल गर्ने।

१८.५ न्यायिक काम कारबाहीमा Artificial Intelligence – AI को प्रयोगका सम्भाव्यताका क्षेत्रहरूको बारेमा अध्ययन गर्ने।

१८.६ मिसिल कागजातहरूका विद्युतीय प्रति पक्षहरूले आफूलाई पायक पर्ने जुनसुकै अदालतबाट प्रमाणित गरी लिनसक्ने प्रबन्ध मिलाउने।

१८.७ मुद्दा व्यवस्थापन पद्धतिमा मुद्दाको फैसला वा जानाकारी अपलोड भएपछि स्वचालित रूपमा सम्वद्ध पक्षहरूले प्राप्त गर्नसक्ने पद्धति विकास गर्ने।

१८.८ सूचना प्रविधिलाई सुशासन प्रवर्धनको माध्यमका रूपमा विकास र प्रयोग गर्ने।

१९. सूचना प्रविधिसम्बन्धी जनशक्तिको आपूर्ति, स्थायित्व, परिचालन र उत्प्रेरणालगायत सेवा सुबिधासम्बन्धी नीतिको तर्जुमा र कार्यान्वयन गरिनेछ।

२०. न्यायपालिकामा मानव संशाधन विकास तथा जनशक्ति परिचालनसम्बन्धी आवश्यक नीति तथा कार्यक्रमहरूको तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

२०.१ मानव संशाधनसम्बन्धी पूर्व अध्ययनहरूको पुनरावलोकन गरी मानव संशाधन विकास सम्बन्धी एकीकृत दिर्घकालीन नीति तर्जुमा गर्ने।

२०.२ अदालतहरूको कार्यबोझ, कार्यप्रकृति र अवलम्बित पद्धति समेतको आधारमा संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M) गर्ने।

२०.३ न्यायाधीश लगायत न्यायिक जनशक्तिको शारीरिक तथा मानसिक wellbeing, स्वास्थ्य उपचार, विमा लगायतका कल्याणकारी नीति र कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने।

२०.४ न्यायपालिकामा उत्तराधिकार योजना (Succession Plan) तथा प्रतिभावान जनशक्तिको उपयोग (Talent Retention) सम्बन्धी कार्यक्रम तयार गरी लागु गर्ने।

२१. न्याय परिषदबाट हुने न्यायाधीश नियुक्तिलगायतका काम कारवाहीहरू प्रभावकारी बनाई परिषद्प्रतिको विश्वसनीयता अभिवृद्धिमा विशेष जोड दिइनेछ।

२१.१ संविधान र कानूनबमोजिम हुने विभिन्न तहका न्यायाधीशको नियुक्तिमा योग्यता, क्षमता, इमान्दारिता, न्यायिक निष्ठा तथा उच्च नैतिक चरित्र भएको व्यक्तिको नियुक्ति गर्ने।

२१.२ न्यायाधीश नियुक्तिमा संविधानको भावना अनुरूप समावेशी प्रतिनिधित्वको सुनिश्चितता गर्ने।

२१.३ न्यायाधीशको नियुक्ति संविधान र कानून बमोजिम निर्धारित अवधिभित्र सम्पन्न गरी अदालतहरूमा न्यायाधीशको कमी हुन नपाउने अवस्था सुनिश्चित गर्ने।

२१.४ न्यायाधीशउपर परेका उजुरीहरूको छानबिन र कारबाही सोसम्बन्धी कार्यविधिका आधारमा शीघ्रतापूर्वक सम्पन्न गर्ने।

२२. अदालतहरूमा उपयुक्त कार्यवातावरणका लागि अदालतमा भौतिक पूर्वाधारको विकास र सुधारसम्बन्धी कार्यक्रमहरूको निर्माण गरी क्रमशः कार्यान्वयन गरिनेछ।

२२.१ अदालत तथा न्यायाधिकरणहरूको भौतिक पूर्वाधार निर्माण र विकाससम्बन्धी पूर्व अध्ययन प्रतिवेदनको पुनरावलोकन गरी मापदण्ड परिमार्जन गर्ने।

२२.२ सबै अदालतहरूको भौतिक संरचना, अन्य पूर्वाधार र उपकरणहरूको अवस्था देखिने गरी Inventory तयार गर्ने।

२२.३ सर्वोच्च अदालतमा रहेको न्यायिक सङ्ग्रहालयको सुधारका लागि आवश्यक कार्यहरू गर्ने।

२३. प्रस्तुत कार्ययोजना कार्यान्वयनको लागि आवश्यक पर्ने बजेटसमेतको साधन स्रोतको व्यवस्थापन र परिचालनका लागि नेपाल सरकार लगायत नेपाल सरकारका सम्बद्ध निकायहरूसंग आवश्यक समन्वय र पहल गरी सोको सुनिश्चितता गरिनेछ।

२४. प्रस्तुत कार्ययोजना कार्यान्वयनको नियमित अनुगमन र मुल्यौंकन तथा आवधिक समीक्षा गरी प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गरिनेछ।

**माननीय सभापतिज्यू तथा माननीय सदस्यज्यूहरू,**

नेपालको संविधानबमोजिम स्वच्छ, निष्पक्ष, छिटोछरितो एवम् गुणस्तरीय न्याय सम्पादन गरी सबैका लागि न्याय सुनिश्चित गर्नु मेरो प्रमुख जिम्मेवारी रहेकोप्रति म स्पष्ट र प्रतिबद्ध छु । साथै, संविधानको धारा १३६ बमोजिम न्याय प्रशासनलाई प्रभावकारी बनाउने प्रधान न्यायाधीशको अन्तिम जिम्मेवारीप्रति पनि त्यत्तिकै सजग र संवेदनशील रहेको छु । प्रस्तुत कार्ययोजनाको प्रभावकारी कार्यान्वयनबाट न्यायिक सुशासन र न्यायपालिकाप्रतिको आस्था एवम् विश्वास अभिवृद्धिमा योगदान पुग्ने छ भन्ने मैले अपेक्षा गरेको छु ।

अन्तमा, न्यायिक सुधारका सम्बन्धमा उपर्युक्तबमोजिम मैले प्रस्तुत गरेको अवधारणा र कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकार, संघीय संसद्लगायत सम्बद्ध निकायहरूबाट आवश्यक सहयोग र समर्थन प्राप्त हुने छ भन्ने मेरो पूर्ण विश्वास रहेको छ । यही विश्वासका साथ न्यायपालिकाको सुधार सम्बन्धमा आफ्नो सोच, दृष्टिकोण र अवधारणा राख्ने महत्त्वपूर्ण अवसरका लागि समितिका माननीय सभापतिज्यू तथा सम्पूर्ण माननीय सदस्यज्यूहरूप्रति पुनः आभार प्रकट गर्दछु ।

धन्यवाद ।